जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९, स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २८४ २०८१ साल असार ५ गते बुधवार (19 June 2024 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कर प्रणाली सुधार गर्नसके करिब ३ पृष्ठमा : बजेटमा विभेद भएको सांसदको ३ पृष्ठमा : एक वर्षमा द्वन्द्वमा मारिएका ...

# पाँच वर्षदेखी सिक्रिले बाँधेर राखिएका युवकको उपचारका लागि गरियो उद्दार




**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

औषधी उपचार गराउन नसकेर पाँच वर्षदेखी फलामे सिक्रिमा बाँधेर राखिएका एक युवकको मंगलबार उपचारका लागि उद्दार गरिएको छ ।

सप्तरीको शम्भुनाथ नगरपालिका ७ निवासी ६० वर्षिया एकल महिला एश्वरी देवी चौधरीका माइला छोरा २२ वर्षिय प्रविणलाई मानव सेवा आश्रम जनकपुर नामक संस्थाले उद्दार गरेको हो ।

प्रविणको खुटामा बाँधिएको फलामे सिक्रि मधेश प्रदेशका पूर्व शिक्षा मन्त्री समेत रहेका प्रदेश सांसद महेश प्रसाद यादवले खोलेका थिए ।

सडकलाई अलपत्र परेका मानवबाट मुक्त र उनीहरुको उपचार गराई उचित व्यवस्थापन गर्ने क्षेत्रमा क्रियाशिल सो संस्थाले उनलाई उपचारका लागि उद्दार गरेको जनाएको छ ।

मंगलबार उनको घरमै पुगेको आश्रमको सचिव सुमन बर्तौला, आश्रमका मधेश प्रदेश इन्चार्ज विवेक महतो, आश्रमका प्रतिनिधि सन्तोष थापामगर, इन्सेक सप्तरीका प्रतिनिधि मनोहर पोखरल लगायतको टोलीले उनको उपचार तथा व्यवस्थापनका लागि मानव सेवा आश्रम जनकपुर लगेका छन् ।

उद्दारका क्रममा मधेश प्रदेशका वन राज्य मन्त्री रन्जु मण्डल, प्रदेश सांसद महेश प्रसाद यादव, प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्राती, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्य, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र कोइराला लगायतको पनि उपस्थिति रहेको थियो ।

सुस्त मनस्थितिका आफ्ना छोरालाई आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकेर एकल महिला समेत रहेकी ६५ वर्षिया आमा एश्वरीले विगत ५ वर्षदेखी छोरा प्रविणलाई खाटमा फलामे सिक्रिले बाँधेर राख्न बाध्य भएकी थिइन् ।

सुस्त मनस्थितिका छोरालाई चोटपटक नलागोस् र बाहिर गएर कसैसँग झै झगडा नगरोस् भनेर यसरी सिक्रिले बाँधेर राख्नु परेको आमा एश्वरीले बताउँदै आएकी थिइन् । यसरी सिक्रिमा बाँधिएर जिवन बिताइरहेका प्रविण बारे समाचार राजविराज दैनिकमा प्रकाशन भएपछि ध्यानाकर्षण भई उनको उद्दारसहित उपचार ब्यवस्था मिलाउने तयारी भएको आश्रमका मधेश प्रदेश इन्चार्ज महतोले बताए ।

१७ वर्षको उमेर हुदा अचानक छोरा सुस्त मनस्थिती रोगले पीडित भएका थिए । सो विपतले आफूलाई परेको तनाव कम नहुँदै त्यसको केही दिनपछि नै जेठो छोरा रविन पनि वेपत्ता भएको उनले बताइन् । रवीनको अवस्था हालसम्म अज्ञात छ ।

कान्छो छोरा संतोष भने हाल काठमाडौंमा ज्याला मजदुरी गर्दै आएका छन् । एउटा छोरा सुस्त मनस्थितीले विरामी र अर्को वेपत्ता भएपछि शोकमा डुबेका बुबा परशुराम चौधरीको २०७७ साल चैत २६ गते निधन भएपछि चौधरी परिवारमा अर्को विपत्ति आइपऱ्यो । छोराहरुको शोक मै उनको निधन भएको एश्वरी बताउँछिन ।

१५/१६ वर्ष सम्मका हुदाँ छोरा स्वस्थ्य र फुर्तिलो भएपनि १७ वर्षको लाग्दा अचानक समस्या देखिन थालिएको उनले बताईन । सम्पतीको नाममा उनको ३ धुरमा बनेको फुसको २ वटा झुप्रो छन । समस्या परेका वेला सोही जग्गा देखाएर उनले गाउँ कै एक बचत सहकारी संस्थाबाट ५ हजार ५ सय रुपैया ऋण सापटी पनि लिएकी छिन ।

# ६ महिनाको अवधीमा एउटै घरमा तीन पटक चोरी

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

राजविराज निवासी एक दम्पतीको घरमा ६ महिना भित्र तीन पटक चोरीको घटना भएका छन् । मानव अधिकारको क्षेत्रमा काम गर्ने राजविराज वडा नं. ९ निवासी जंगबहादुर सिह र आभा सेतु सिंहको घरमा यसरी ६ महिनाको अवधीमा तीन पटक चोरी भएको हो ।

पछिल्लो पटक आफू काठमाडौं र श्रीमान जंगबहादुर भारतको गोरखपुर गएका बेला सोमबार राती चोरले एक लाख भन्दा बढीको सम्पती चोरेर लगेको आभा सेतु सिहले जानकारी दिएकी छिन ।

उनी राष्ट्रिय महिला आयोगकी सदस्य हुन भने उनका श्रीमान अधिकारकर्मी एवं विश्वहिन्दु परिषद नेपाल मधेश प्रदेशका सचिव हुन ।

घरमा छोरा एक्लै सुतिरहेका बेला चोरले ढोका फोडेर उनको मोवाईल, ९६ हजार रुपैया राखिएको पर्स, घडी लगायतका सरसामान गरी १ लाख बराबरको सम्पती लगेको आभा सेतु सिंहले जानकारी दिएकी छिन । गर्मीका कारण छतमा सुतेका राजहंश ढोका फोडेको आवाज सुनेर तल झर्दा आफ्नै आँखा अगाडीबाट चोर भागेको र तत्कालै प्रहरीलाई

*बाँकी अन्तिम पृष्ठमा*

# समानुपातिक रुपमा बराबर पर्ने गरी सडकको विस्तार एवं निर्माण गर्नु/गराउनु : अदालत

**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

हुलाकी राजमार्ग सडक बिस्तारका क्रममा गैरकानुनी ढंगले संरचना भत्काइएको भन्दै पीडित पक्षद्वारा दायर रिटमा अदालतले समानुपातिक रुपमा बराबर पर्ने गरी सडकको विस्तार एवं निर्माण गर्नु/गराउनु परमादेश जारि गरेको छ ।




मंगलबार पीडित जग्गाधनीहरुले पत्रकार सम्मेलनको आयोजना गरि हुलाकी सडक विस्तारका नाममा राजविराज नगरपालिकाले सडक मापदण्डमा नपरेका तथा नक्शा पास भईसकेका नम्बरी जग्गामा बनेको घर संरचना समेत २०८० भदौ २ गते भत्काई दिएको भन्दै राजविराज नगरपालिका ३ का बच्चु मण्डल, गौरी शंकर साह, सतिष चन्द्र झा, इन्द्र नारायण साह र परमेश्वर प्रसाद रौनियार न्यायका लागी उच्च अदालत जनकपुर-राजविराज इजलाशमा रिट दायर गरेका थिए ।

दायर रिट उपर सुनवाइ गर्दै न्यायाधिश पुर्ण प्रसाद राजवंशी र विमल सुवेदीको संयुक्त इजलासले २०८० फागुन १३ गते परमादेश जारी गरेको हो । राजविराज नगरपालिकाको कार्यालय, कार्यवाहक नगर प्रमुख इसरत परवीन, वडा नं. ३ का वडाअध्यक्ष अनिल कुमार दास, वडा नं.८ का वडा अध्यक्ष जयनारायण मण्डल, नापी कार्यालय, नापी टोली प्रमुख तथा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय इटहरी सुनसरी समेतलाई विपक्षी बनाईएको छ ।

उक्त आदेशमा वडा नं.३ अन्तर्गत हुलाकी राजमार्ग कंचनपुर रोड विस्तारका क्रममा सर्वे नापी नक्शा भएको सडकलाई आधार मानी फिल्डमा रहेको साविक सडकको केन्द्र विन्दुबाट दुबैतर्फ समानुपातिक रुपमा बराबर पर्ने गरी सडकको. विस्तार एवं निर्मांण गर्नू/गराउनु भनी उल्लेख गरिएको छ । तर, अदालतको उक्त आदेश कार्यान्वय हुन नसकेको पीडित जग्गाधनीहरुको गुनासो छ ।

उनीहरुले सडकको मध्य

*बाँकी अन्तिम पृष्ठमा*

# लोसपा परित्याग गरेका मण्डल राष्ट्रिय मुक्ति अभियानमा जुडे



**दैनिक समाचारदाता**
**राजविराज, ४ असार ।**

केही दिनअघि मात्र लोसपा परित्याग गरेका सो पार्टीका केन्द्रिय सहसचिव गजेन्द्र मण्डलले राजेन्द्र

*बाँकी अन्तिम पृष्ठमा*

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### शिक्षक अभिभावक कहिले बन्ने !

बालबालिकाहरुलाई अभिभावक बनेर पठनपाठन गराउनु पर्ने आवश्यकता रहेको छ। अभिभावकको बढी कुरा सुन्ने भएकाले बालबालिकाहरुलाई उनीहरुकै चाहना अनुसार पढाउनेतर्फ अग्रसर हुनुपर्छ। उनीहरु आफ्नो भविष्य निर्धारण गर्ने बाटो प्रारम्भिक शिक्षाबाटै हो। शिक्षकले जसरी ज्ञान दिन्छन् त्यसरी नै उनीहरु ज्ञान हासिल गर्छन्। उनीहरुलाई कुटेर, गाली गरेर पढाउनुको साटो अभिभावकको रुपमा शिक्षा दिनेतर्फ शिक्षकहरुले अग्रसरता देखाउनु जरुरी छ।

शिक्षकहरुले बालबालिकालाई अनुशासनको पाठ पनि सिकाइरहेका हुन्छन्। जसले गर्दा शिक्षाका साथ साथै उनीहरु आफु अनुशासित हुने बारे पनि सबल बन्दै जान्छन्। विद्यालय भनेको शिक्षा हासिल गर्ने मन्दिर हो। यहाँ बालबालिकाहरु आफ्नो प्रारम्भिक शिक्षादेखी लिएर उच्च शिक्षासम्म हासिल गर्छन्। बालबालिकालाई विभिन्न विषयका शिक्षकहरुले ज्ञान दिने कर्तव्य निर्वाहा गरिरहेका हुन्छन्। विद्यालयमा अभिभावक भनेकै गुरु नै हुन्छन्।

शिक्षकले जसरी बालबालिकालाई ज्ञान दिन्छन् त्यसरी नै बालबालिकाहरु अग्रसर हुँदै जान्छन्। यसका लागि विद्यालयमा सबैभन्दा पहिला गुरुहरु गम्भिर बन्नु आवश्यक छ। अनि मात्र उनीहरुकै सिकाईमा बालबालिकाहरु अब्बल बन्न सक्छन्। तसर्थ बालबालिकाको भविष्य निर्माण गर्ने काममा शिक्षकको अब्बल भूमिका हुन्छ। उनीहरु नै सही ढंगले पढाईलाई निरन्तरता दिन सके बालबालिका पनि सोही बाटोमा हिड्ने कुरामा दुई मत नहोला।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# कर प्रणाली सुधार गर्नसके करिब तीन खर्ब राजस्व थपिन्छ : मल्लिक प्रतिवेदन

**हेमन्त जोशी**

काठमाडौँ, ४ असार (रासस)।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले सरकारलाई बुझाएको प्रतिवेदनले मुलुकको विद्यमान कर प्रणाली सुधार गर्नसके करिब रु तीन खर्ब राजस्व थपिने देखाएको छ।

विभिन्न वस्तुमा दिइएको मूल्य अभिवृद्धि कर (भ्याट) छुट खारेज गरिनुपर्ने, आयकरको स्लाब संशोधन गर्नुपर्ने, स्वास्थ्यमा हानी गर्ने वस्तुबाहेकको अन्तःशुल्क हटाउनुपर्ने, हरित कर लगाइनुपर्ने, सामाजिक सुरक्षा करमा परिमार्जन गर्नुपर्ने, नगद भुक्तानीको सीमा घटाएर डिजिटल भुक्तानीको सीमा बढाइनुपर्नेलगायत सुझाव समितिले दिएको हो।

सरकारको विसं २०८० भदौ २९ गतेको निर्णयानुसार विद्याधर मल्लिकको अध्यक्षतामा गठन भएको चार सदस्यीय समितिले गत फागुनमा प्रतिवेदन बुझाएको थियो।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको उक्त प्रतिवेदनअनुसार कर प्रणाली सुधारका लागि स्थायी बोर्ड गठन, प्रभावकारी न्याय निरुपण संयन्त्र निर्माण, विभिन्न कानुनी, नीतिगत तथा प्रक्रियागत सुधारलगायत सुझाव आएका छन्।

कर प्रणाली सुधारका लागि सिफारिस गरिएका सुझावको प्रभावकारी कार्यान्वयनका लागि राजस्व सचिवको संयोजकत्वमा एक कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको छ। समितिले तयार पारेको कार्ययोजनामा उल्लिखित सुधारहरू कार्यान्वयन हुन सकेमा कर प्रणालीमा सुधार भई सरकारले प्रक्षेपण गरेको भन्दा करिब रु दुई खर्ब ९१ अर्ब थप राजस्व सङ्कलन हुने प्रतिवेदनमा उल्लेख छ। समितिमा लक्ष्मण अर्याल, प्रा डा रामप्रसाद ज्ञवाली र श्यामप्रसाद दाहाल सदस्य हुनुहुन्थ्यो।

कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिका अध्यक्ष विद्याधर मल्लिक पर्याप्त अध्ययन र क्षेत्रगत रुपमा हिसाब गरेरै करिब रु तीन खर्बको राजस्व थप गर्न सकिने सम्भावना प्रतिवेदनमा राखिएको बताउनुहुन्छ।

"आयकर, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, भन्सारलगायतका कुन क्षेत्रमा कति राजस्व उठाउन सक्ने सम्भावना छ भनेर हिसाब गरेरै यो तथ्याङ्क राखिएको हो", अध्यक्ष मल्लिक भन्नुहुन्छ, "विभिन्न कर छुट खारेज गरिनुपर्ने सुझाव समितिले दिएको छ। यो कठिन कार्य भएपनि असम्भव होइन।"

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यको बुँदा नम्बर तीन सय १९ मा कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने उल्लेख छ। सरकारको यो प्रतिवद्धताले ढिलो चाँडो प्रतिवेदन कार्यान्वयन हुनेमा आफु आशावादी रहेको अध्यक्ष मल्लिक बताउनुहुन्छ।

"प्रतिवेदनले दिएका सुझाव एकैपटक कार्यान्वयनमा लैजानुपर्छ भन्ने पनि होइन। सरकारले कार्यान्वयन गर्छु भनेको छ। तीनदेखि पाँच वर्षभित्र कार्यान्वयन गर्नसके राम्रो नतिजा देखिन्छ", उहाँले भन्नुभयो।

समितिका सदस्य एवं पूर्वसचिव लक्ष्मण अर्याल प्रतिवेदनमार्फत् दिइएका सुझाव कार्यान्वयन गर्नसके तत्काल करिब रु तीन खर्ब थपिने दाबी गर्नुहुन्छ। "यो प्रतिवेदन कार्यान्वयनमा गयो भने अहिलेकै अवस्थामा करिब रु तीन खर्ब राजस्व थपिने देखिएको छ। दीर्घकालमा अझ बढी थपिन्छ। त्यो कसरी र कहाँबाट सम्भव छ भनेर प्रतिवेदनमा स्पष्टरुपमा उल्लेख छ", उहाँले भन्नुभयो।

प्रतिवेदन कार्यान्वयनका लागि राजस्व सचिवको संयोजकत्वमा कार्यान्वयन सहजीकरण तथा अनुगमन इकाई स्थापना गर्ने प्रस्ताव समितिले गरेको भए पनि सरकारले यस्तो संयन्त्र हालसम्म बनाइसकेको छैन। त्यस्तै, स्थायी प्रकृतिको स्वायत्त राजस्व बोर्ड गठन गर्ने, करसम्बन्धि न्यायिक निरुपणका लागि छुट्टै संयन्त्र स्थापना गर्नुपर्ने, कर प्रशासनसँग सम्बन्धित कामहरु राजस्व समूहका कर्मचारीमार्फत् गर्नेलगायतका सुझाव समितिले दिएको छ।

नेपालको भ्याटको दर विश्वको औसत भ्याटदर भन्दा कम भए पनि आगामी पाँच वर्षसम्म यो एकल दरलाई स्थिर राख्ने एवं कर छुटको अनुसूचीमा रहेका वस्तु र सेवाको पुनरावलोकन गरी कर छुट हटाई कराधारको विस्तार गरिनुपर्ने सुझाव समितिले दिएको छ। हाल भ्याटमा कूल कर छुट करिब रु दुई खर्ब बराबर देखिएकोले तत्कालै समयवद्ध रुपमा कर छुटको प्रणालीलाई न्यून करका दर र केही वस्तु तथा सेवामा कर खर्च प्रणालीमा लैजाने व्यवस्था गरिनुपर्ने समितिको प्रतिवेदनमा उल्लेख छ।

"अबको पाँच वर्षभित्रमा सबै प्रकारका कर छुटका प्रबन्ध खारेज गर्नुपर्दछ। प्राकृतिक विपत्ति, महामारी, काबु बाहिरको परिस्थिति सिर्जना भएमा र समष्टिगत आर्थिक सङ्कटहरू देखिएको अवस्थामा मात्र सरकारले कानुन बनाएर कर छुट दिनसक्ने गरी व्यवस्था गर्ने र हाल अभ्यासमा रहेका आर्थिक ऐनबाट दिइने सबै प्रकारका राजस्व छुटको व्यवस्थालाई हटाउनु पर्दछ", प्रतिवेदनमा भनिएको छ।

स्वास्थ्य तथा वातावरणलाई हानी तथा प्रकृतिजन्य वस्तुको संरक्षणका लागि अन्तःशुल्क वृद्धि गर्ने र अन्य वस्तुमा लागेको अन्तःशुल्क क्रमशः हटाउँदै जाने नीति लिइनुपर्ने सुझाव समितिको छ। कार्बन उत्सर्जन गर्ने, अतिरिक्त अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा हरित करको अवधारणा बमोजिम प्रणालीको विकास गर्ने र अन्तःशुल्क लागेका वस्तुलाई हरित करको क्षेत्रमा लैजानुपर्ने सुझाव छ। आर्थिक विधेयक २०८१ मार्फत् सरकारले पेट्रोलियम तथा कोइलाजन्य वस्तुको आयातमा हरित कर लगाउन सुरु गरिसकेको छ।

मुलुकको आर्थिक अवस्थामा सुधार आएसँगै आयकरका दर घटाउन पनि समितिले सुझाव दिएको छ। "संस्थागत आयकरको दरलाई प्रत्येक वर्ष एक प्रतिशतले कम गरी हालको २५ प्रतिशतबाट २० प्रतिशतमा ल्याई १० वर्षको लागि यो करको दर स्थिर राख्ने नीति घोषणा गर्नुपर्दछ", प्रतिवेदनमा भनिएको छ, "व्यक्तिगत आयकरका तीनवटा दर कायम गर्नेगरी पुनरावलोकन गर्ने र व्यक्तिगत आयकरको अतिरिक्त कर (सरचार्ज) समेतको दर संस्थागत आयकरको दर भन्दा पाँच विन्दुले मात्र बढी कायम गर्नुपर्ने देखिन्छ।"

मदिरा तथा सुर्तिजन्य र बैंक तथा वित्तीय संस्थालाई तोकिएको ३० प्रतिशतको संस्थागत करको दरलाई यथावत राखी यस वर्गमा रहेका अन्यको हकमा क्रमशः २५ प्रतिशतको दर कायम गर्नुपर्ने सुझाव आएको छ। त्यस्तै, निर्यातमूलक व्यापार तथा व्यवसायलाई आयकरको दर १० प्रतिशत र अन्य सबै व्यवसायको संस्थागत आयकरको दर २० प्रतिशत कायम गरिनुपर्ने प्रतिवेदनमा जनाइएको छ।

प्राकृतिक व्यक्तिको रु ५० लाख भन्दा माथिको ब्याज, लाभाङ्श र दीर्घकालीन पुँजीगत लाभमा कर क्रमशः १० प्रतिशत पुऱ्याउनुपर्ने निष्कर्ष समितिको छ। धितोपत्र खरिद विक्रीको लाभमा तीन सय ६५ दिनभन्दा बढी अवधिको लागि साढे सात प्रतिशत र सो भन्दा घटी अवधिको हितको निसर्गमा १० प्रतिशत करको दर कायम गरिनुपर्ने एवं कूल कारोबारको दुई प्रतिशतका दरले न्यूनतम वैकल्पिक कर लगाउने व्यवस्था सुरु गर्न पनि सुझाव गरिएको छ।

सामाजिक सुरक्षा करमा पनि परिमार्जन गर्न समितिले सरकारलाई सुझाव दिएको छ। "हाल कायम रहेको एक प्रतिशतको सामाजिक सुरक्षा करलाई खारेज गरी व्यक्तिगत करयोग्य आयमा छुट बापतको रकम घटाइ सुरुको १० वर्षसम्म तीन प्रतिशतबाट सुरु गरी त्यसपछि क्रमशः यसलाई पाँच प्रतिशतको दरले सामाजिक सुरक्षा योगदान कर लगाई दिगो रुपमा सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गर्नुपर्दछ", प्रतिवेदनमा भनिएको छ।

लगानीमैत्री कर प्रणाली, करको आधार एवं दायराको विस्तार र राष्ट्रिय कराधारको संरक्षणका लागि नेपालको कर प्रणालीमा सुधारको खाँचो औँल्याइएको छ। "करका दर, कानुनी प्रबन्ध र कर प्रणालीका प्रक्रियागत व्यवस्थामा नीतिगत स्थिरता दिनुपर्ने देखिन्छ", प्रतिवेदनमा उल्लेख गरिएको छ, "समानता कायम गर्ने, उच्च आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने कर नीतिको प्रमुख लक्ष्य निर्धारण गरी तदनुकूल सङ्घीय राजस्व नीति र दीर्घकालीन कर सुधारको समयबद्ध कार्य योजना बनाइ कार्यान्वयन गर्नुपर्ने देखिएको छ।"

अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा सुधार तथा कर तटस्थताको सिद्धान्तलाई अनुपालन गर्न पनि सरकारलाई सुझाव दिइएको छ। घरजग्गा, शेयर र विभिन्न सम्पत्तिको खरिद बिक्री एवं सम्पत्ति निसर्ग बमोजिमको वार्षिक कारोबार अङ्ग तथा कारोबारको

*बाँकी अन्तिम पृष्ठमा*


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**

**सप्तकोशी नगरपालिका**

**नगर कार्यापालिकाको कार्यालय**

सप्तरी, मधेश प्रदेश

# बजेटमा विभेद भएको सांसदको गुनासो

काठमाडौं, ४ असार (रासस)।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले ल्याएको बजेटमा विभेद भएको गुनासो गर्नुभएको छ। शक्ति र पहुँचका आधारमा बजेट विनियोजन हुँदा कुनै जिल्ला तथा निर्वाचन क्षेत्रमा अत्यधिक तर कुनै जिल्लामा आवश्यक योजना तथा कार्यक्रमका लागि समेत बजेट नपरेको धारणा सांसदहरूबाट आएको हो।

विनियोजन विधेयक, २०८१ माथिको मन्त्रालयगत छलफलका क्रममा सांसदहरूले बजेटमाथिको विभेदले सन्तुलित विकास हुन नसक्ने बताउनुभयो। साथै उहाँहरूले मुलुकको परराष्ट्र नीतिको प्रभावकारी कार्यान्वयन गर्दै कूटनीतिक सम्बन्धलाई प्रगाढ तुल्याइनुपर्नेमा जोड दिनुभयो।

सांसद अर्जुननरसिंह केसीले बजेटमाथिको क्षेत्रगत विभेदले सन्तुलित विकास हुन नसक्ने धारणा राख्नुभयो। उहाँले सिङ्गो प्रदेशको तुलनामा एउटा जिल्लामा बजेट विनियोजन हुनु अत्यन्त दुःखद विषय भएको बताउनुभयो। "पक्षपाती ढङ्गले बजेट विनियोजन गरिनुहुन्न। यो खालको पक्षपात र असन्तुलित विनियोजनले आम जनतामा असन्तुष्टि बढ्छ, त्यसैले मुलुक र जनताको समान हितलाई ध्यान दिएर बजेट केन्द्रित गरिनुपर्छ", सांसद केसीले भन्नुभयो। मुलुकमा देखिएका चुनौती र सम्भावनालाई साकार पार्न राष्ट्रिय सहमतिका साथ आगाडि बढ्नुपर्ने आवश्यकता रहेको उहाँको भनाइ थियो।

सांसद केसीले गृह मन्त्रालयको एक सय दिनको कामको परिणाम सन्तोषजनक नरहेको बताउनुभयो। उहाँले पटक-पटक प्रहरी सङ्गठनमा अदली-बदली हुने गरेको भन्दै सुरक्षा निकायमा समान अवसर र प्रोत्साहनको जरुरी भएको उल्लेख गर्नुभयो।

सांसद रघुजी पन्तले बजेटमा विभेद हुन नहुने धारणा राख्नुभयो। "म भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका विषयमा धेरै टिप्पणी गर्न चाहन्न। सत्ता र प्रतिपक्षी सांसदले धेरै कुरा गरिसक्नुभएको छ", उहाँले भन्नुभयो, "मन्त्री एउटा निर्वाचन क्षेत्र र एउटा जिल्लाको मात्रै हुँदैन, सिङ्गो देशको हुन्छ। मन्त्रालय मात्रै होइन, विभिन्न समुदाय, क्षेत्र, लैंगिक वा निर्वाचन क्षेत्रबाट लडेर आएको सांसद किन नहोस् सांसदको कामले त्यसलाई पुष्टि गर्दछ।" उहाँले राष्ट्रिय अनुसन्धान विभागलाई गृहमन्त्रालय मातहत ल्याइनुपर्ने तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो।

**दक्ष र योग्य व्यक्तिलाई राजदूत बनाइयोस्**

सांसद पन्तले नेपालको परराष्ट्र नीतिमा आधारभूत रूपमा विचलन नरहेको र असंलग्न परराष्ट्र नीति र पञ्चशीलका सिद्धान्तमा आधारित देशको परराष्ट्र नीति सन्तुलित रहेको बताउनुभयो। उहाँले बदलिएको परिस्थितिअनुसार विभिन्न मुलुकमा राजदूतहरूको भूमिका प्रभावकारी बनाउन नसकिएको पनि धारणा राख्नुभयो।

नेपालको सम्भावना भएको क्षेत्र पर्यटन र नेपालले आर्थिक सहयोग लिनसक्ने मुलुकहरूमा नेपाली राजदूतावासलाई प्रभावकारी बनाउनुपर्नेमा उहाँको जोड थियो। उहाँले सरकारले सकेसम्म राजदूतहरू फिर्ता बोलाउन नहुने भन्दै अनुहार नहेरिकन राजदूतहरूको कामका आधारमा कायम राख्नुपर्नेमा भनाइ राख्नुभयो। ज्ञानचन्द्र आचार्य, डा शङ्कर शर्मा, डा श्रीधर खत्रीलगायत राजदूतहरू सक्षम र योग्य भए पनि उहाँहरूलाई फिर्ता बोलाएर सरकारले राम्रो सन्देश नदिएको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "योग्यता र क्षमता भएका व्यक्ति पठाउनुपर्छ। विशेषगरी भारत, चीन र अमेरिकामा दक्ष र योग्य व्यक्ति राजदूत पदमा पठाइनुपर्छ।"

सांसद अमनलाल मोदीले देशको वितरण प्रणालीमा भिन्नता रहेकाले क्षेत्रगत विभेद भइरहेको भन्दै सङ्घीयताको मर्म र भावना अनुरुप बजेट सन्तुलित र समान हुनुपर्ने धारणा राख्नुभयो।

सांसद सन्तोष परियारले बजेट निर्माणको परम्परालाई तोड्दै राष्ट्रिय सहमतिका साथ बजेट निर्माणसम्बन्धी कार्यविधि ल्याइनुपर्नेमा खाँचो औँल्याउनुभयो। सबै निर्वाचन क्षेत्रमा न्यूनतम बजेट विनियोजन गर्ने विधि र पद्धतिको विकास गर्नसके बजेटमाथि टिकाटिप्पणी नआउने उहाँको भनाइ थियो। बजेट अर्थराजनीतिक विषय भएको र बजेटले नेपाली जनताको रुपान्तरण, विकास र आर्थिक समृद्धिको आकांक्षालाई गति दिने भएकाले यसलाई सन्तुलित र संयमित बनाउन जरुरी भएको उहाँले धारणा राख्नुभयो। सांसद परियारले कर्णालीको विकास र जनजीवनलाई सहज बनाउन बजेटले प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो।

उहाँले गृह प्रशासनमा चाहेर पनि सुधारको काम गर्न नसकिएको भन्दै सुशासन कायम गर्न प्रशासन चुस्त र दुरुस्त बनाउन गृहमन्त्रीले जनताको आशा र अपेक्षा अनुरुप प्रभावकारी रूपमा काम गर्नुपर्ने दायित्व रहेको बताउनुभयो। सांसद परियारले राष्ट्रिय हितलाई केन्द्रमा राखेर परराष्ट्र नीति बनाइनुपर्ने र छिमेकी मुलुक र अरु राष्ट्रसँगको सन्तुलित कूटनीतिक सम्बन्धलाई बलियो बनाएर लैजानुपर्नेमा जोड दिनुभयो।

सांसद प्रेमबहादुर आलेले बजेटमाथिको छलफलमा सांसदहरू क्षेत्रगत रूपमा मात्रै केन्द्रित भएको अन्य जिल्लाको विषयलाई बेवास्ता गरिएको बताउनुभयो। उहाँले डोटी जिल्लाका आयोजनालाई पटक-पटक ताकेता गर्दा पनि बजेट नपरेको भनी गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "मन्त्री एउटा जिल्लामा वा पालिकामा मात्रै सीमित हुनु राम्रा होइन। मन्त्री सिङ्गो देशको प्रतिनिधि हो। संकुचित भावना राखेर बजेट विनियोजन गरिनुहुन्न।" उहाँले डोटीमा ट्रमा सेन्टर स्थापना गर्नेगरी बजेट विनियोजन भएकोमा भने खुशी व्यक्त गर्नुभयो।

सांसद रञ्जुकुमारी झाले गृहमन्त्रालयले निर्माण गरेको कारागार व्यवस्थापनको कार्ययोजनामा मधेस प्रदेशका जिल्लालाई नसमेटिएको गुनासो गर्नुभयो। कारागारको दयनीय अवस्था रहेको भन्दै देशभरका कारागार अनुगमन र व्यवस्थापनलाई ध्यान दिन जरुरी भएको उहाँको भनाइ थियो। मधेस प्रदेशका सीमावर्ती क्षेत्रबाट लागूऔषध नियन्त्रणका लागि गृहमन्त्रालयले स्थानीय तहसँगको सहकार्यमा प्रभावकारी कदम चाल्न उहाँको सुझाव थियो। उहाँले राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालयमातहत ल्याइनुपर्ने र अनुसन्धानलाई व्यवस्थित रूपमा अगाडि बढाइनुपर्ने खाँचो औंल्याउनुभयो।

राजदूत गरिमामय पद भएपनि भागबण्डाका आधारमा नियुक्ति गरिने प्रवृत्तिले मुलुकको कूटनीतिक सम्बन्धमा समस्या हुने गरेको भन्दै राजदूत पदको गरिमा कायम गरिनुपर्नेमा उहाँले जोड दिनुभयो।

सांसद अब्दुल खानले गृहमन्त्रालयले शान्ति सुरक्षा कायम गर्ने कार्ययोजनामा सीमा सुरक्षामा खटिने सुरक्षाकर्मीको सेवासुविधा र सीमा क्षेत्रको पहुँच सडक निर्माणलाई प्राथमिकता दिनुपर्ने खाँचो औंल्याउनुभयो। सीमा नाकाका मुख्य भन्सारलाई व्यवस्थित बनाइनुपर्ने, कारागार व्यवस्थापन चुस्त र प्रभावकारी बनाइनुपर्ने उहाँको भनाइ थियो।

उहाँले नेपाली श्रमिकको बाहुल्यता भएका मुलुकका राजदूतावासलाई सक्रिय र प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभयो। विदेशमा नेपाली राजदूतावासको आफ्नै भवन हुनुपर्ने उहाँको भनाइ थियो।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता

**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### एक वर्षमा द्वन्द्वमा मारिएका बालबालिकाको सङ्ख्या तीन गुणाले बढ्यो : राष्ट्रसंघ

जेनेभा, ४ असार (रासस/एएफपी)।

सन् २०२३ मा विश्वव्यापी द्वन्द्वले अघिल्लो वर्षको तुलनामा तीन गुणाभन्दा बढी बालबालिका र दुई गुणाभन्दा धेरै महिलाको ज्यान लिनुका साथै समग्रमा ७२ प्रतिशत बढी नागरिक मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ।

संयुक्त राष्ट्रसङ्घका अधिकार प्रमुख भोल्कर टर्कले जेनेभामा राष्ट्रसङ्घको मानवअधिकार परिषदमा युद्धरत दलहरूले बढ्दो रूपमा "स्वीकार्य र कानुनी सीमाहरूभन्दा बाहिर धकेलिरहेको बताउनु भयो।

उनीहरूले एक अर्काप्रति पूर्ण तिरस्कार देखाउँदै मानवअधिकारलाई कुल्चिरहेको बताउँदै उहाँले "नागरिकको हत्या घाइते र पूर्वाधारको विनाश हुनु दैनिक घटना भएको जनाउनुभयो।

उहाँका अनुसार बालबालीकालाई गोली हानियो, अस्पतालमा बम प्रहार गरियो, समुदायमा भारी तोपखाना सुरु गर्नुका साथै घृणित, विभाजनकारी र अमानवीय कार्य गरिए।

संयुक्त राष्ट्रसङ्घका अधिकार प्रमुखले आफ्नो कार्यालयले गत वर्ष "सशस्त्र द्वन्द्वमा नागरिक मृत्युको सङ्ख्या ७२ प्रतिशतले बढेको जनाउने तथ्याङ्क सङ्कलन गरेको बताउनुभयो।

भयावह स्वरूपको तथ्याङ्ले सन् २०२४ मा मारिने महिलाको अनुपात अघिल्लो वर्षको तुलनामा दोब्बर र बालबालिकाको अनुपात तीन गुणा भएको सङ्केत गर्ने उहाँले बताउनुभयो।

गाजा पट्टीमा, तुर्कले "द्वन्द्वका पक्षद्वारा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको अवहेलना" र "असहनीय मृत्यु र पीडा" बाट स्तब्ध भएको बताउनुभयो। अक्टोबर -७ मा इजरायलमा हमासको अभूतपूर्व आक्रमणपछि युद्धमा "गाजामा एक हजार दुई सयभन्दा बढी मानिस, मारिए भने कयौँ घाइते भए।

इजरायलले मे महिनाको सुरुमा रफाहमा आफ्नो कारबाही बढाएपछि, लगभग दस लाख प्यालेस्टिनी फेरि जबरजस्ती विस्थापित भएका छन्।

कोष घटाउँदै-तुर्कले युक्रेन, कङ्गो लोकतान्त्रिक गणतन्त्र र सिरियासहित अन्य द्वन्द्वको दायरालाई पनि औँल्याउनुभयो।

उहाँले सुडानमा, एक वर्षभन्दा लामो गृहयुद्धको चपेटामा लडाकु दल र सम्बद्ध समूहद्वारा नष्ट भइरहेको छ, जसले आफ्नै जनताको अधिकारलाई कुल्चियको बताउनुभयो।

यस्तो विनाश खाँचोमा परेका मानिसको बढ्दो सङ्ख्यालाई सहयोग गर्न कोष घट्दै गइरहेको अवस्थामा आउने उल्लेख गर्नुभयो। सन् २९२४ मे को अन्त्यसम्म, मानवीय कोष आवश्यकता र उपलब्ध स्रोतबीचको अन्तर ४०.८ अर्ब डलर रहेको टर्कले जानकारी दिनुभयो।

उहाँका अनुसार अपिल औसत १६.१ प्रतिशतमा मात्र वित्त पोषित छन। यसको तुलना सन् २०२३ मा विश्वव्यापी सैन्य खर्चमा लगभग २.५ ट्रिलियन डलरसँग भएकोमा २०२२ बाट वास्तविक सर्तमा ६.८ प्रतिशतले वृद्धि भएको उल्लेख गर्दै टर्कले या २००९ पछि सबैभन्दा तीव्र वार्षिक वृद्धि भएको उल्लेख गर्नुभयो।

युद्धले असहनीय मानवीय पीडा दिनुका साथै ठुलो मूल्य चुकाउने उहाँले चेतावनी दिनुभएको छ।

### दक्षिणी रुसको तेल ट्याङ्की भण्डारमा ड्रोन आक्रमण

मस्को, ४ असार (रासस/एएफपी)।

दक्षिणी रुसको अजोभ सहर नजिकै मङ्गलबार राति तेल भण्डारण ट्याङ्कीहरूमा ड्रोन आक्रमणमा हुँदा ठुलो आगलागी भएको स्थानीय अधिकारीहरूले बताएका छन्।

युक्रेनले उक्त आक्रमण नगरेको बताएपनि यसले विगतमा पनि रूसी ऊर्जा सुविधाहरूमा आक्रमणहरू गर्दै आएको छ।

"ड्रोन आक्रमणको परिणामस्वरूप अजोभमा तेल उत्पादन ट्याङ्कीहरूमा आगलागी भएर नष्ट भएका छन्। प्रारम्भिक तथ्याङ्कअनुसार कुनै हताहत भएको छैन", स्थानीय रोस्तोभ क्षेत्रका गभर्नर भासिली गोलुबेभले टेलिग्राममार्फत बताउनुभयो।

आपतकालीन मन्त्रालयले प्रकाशित गरेको भिडियोमा तेल भण्डारण ट्याङ्कीहरू राखिएको स्थानबाट बाक्लो धुवाँ र आगोको मुस्लो निस्किएको देखाइएको छ।

आक्रमणमा कति ड्रोनहरू संलग्न थिए भन्ने जानकारीमा आएको छैन। कम्तिमा ३२०० वर्ग मिटर क्षेत्रफलमा फैलिएको आगलागी नियन्त्रण गर्न करिब २०० जना आगो नियन्त्रक र आपतकालीन कर्मचारीहरू तैनाथ गरिएको आपतकालीन मन्त्रालयले जनाएको छ।

### सन्दिग्ध भूमध्यसागरीय आप्रवासन दुर्घटनामा १० को मृत्यु, ५१ जनाको उद्धार

रोम, ४ असार (रासस/एएनआई)।

उत्तरी अफ्रिका नजिकैको दक्षिणी इटालियन टापुको भूमध्यसागरिय पानीमा यात्रा गर्ने असफल प्रयासको क्रममा १० भन्दा बढी सन्दिग्ध आप्रवासीहरूको मृत्यु भएको र ५१ जनाको सोमबार उद्धार गरिएको जर्मन सहायता समूह रेसक्युसिपके जनाएको छ।

नादिर उद्धार जहाज सञ्चालन गर्ने जर्मन सहायता समूह रेस्यो सिपले डुबेको काठको डुङ्गाबाट ५१ जनालाई उद्धार गरेको र जहाजबाट अन्य १० जनाको शव फेला पारेको बताएको छ।

उनीहरूका "चालकदलले डुङ्गाबाट निकालिएका ५१ जनाको "हेरचाह" गरिरहेका थिए। १० जनाको उद्धारका लागि भने धेरै ढिलो भइसकेको थियो। उद्धार गरिएका मध्ये दुईजना बेहोस अवस्थामा थिए", सामाजिक सञ्जाल एक्समार्फत रेस्युसिपले जानकारी गरायो।

युरो न्यूजका अनुसार उत्तर अफ्रिका नजिकैको दक्षिणी इटालियन टापु मानव तस्करीको लागि लक्षित प्रसिद्ध गन्तव्य हो जहाँ गत वर्ष एक लाख २७ हजार आप्रवासी आइपुगेका थिए।

## कर प्रणाली सुधार ...

पटक सङ्ख्याको सीमा निर्धारण गरी त्यस्तो बिक्री/निसर्गबाट प्राप्त लाभलाई व्यावसायिक आय मानी करारोपण गर्न र प्राकृतिक व्यक्तिले वार्षिक रु ४० लाख भन्दाबढीको आयको अनिवार्य रुपमा आयविवरण दिने व्यवस्थाको अनुपालनामा जोड दिन सुझाव गरिएको छ।

विद्यमान ११ तहको भन्सार दरलाई छ तहमा झार्ने र त्यसपछिका वर्षमा तीन चरणमा गरी शून्य, १० र २० स्लाबहरूमा सीमित राख्नुपर्ने समितिको सुझाव छ। सार्वजनिक संस्थानले जगेडा राख्नुपर्ने वैधानिक कोषको लागि आवश्यक रकम छुटचाइ बाँकी सबै रकम लाभाङ्श आयको रूपमा नेपाल सरकारले प्राप्त गर्न व्यवस्था मिलाउन पनि सरकारलाई समितिले सुझाएको छ।

डिजिटल अर्थतन्त्रको विस्तार र यस क्षेत्रमा कराधारको विस्तारमा ध्यान दिइनुपर्ने प्रतिवेदनमा उल्लेख छ। "नेपाली कम्पनीले सफ्टवेयरलगायत विद्युतीय सेवा विदेशमा निर्यात गरेमा त्यस्तो कारोबारको आयमा आगामी दश वर्ष सम्मलाई निकासी सरहको दर कायम गर्ने, विदेशमा रहेका नेपालीले विकास गरेका सफ्टवेयर आदिको खरिदमा सरकारले प्राथमिकता दिने व्यवस्था गर्ने र विद्युतीय माध्यमबाट सिधैं वस्तु तथा सेवाको आपूर्ति गर्ने गैर बासिन्दालाई नेपालमा अनिवार्य दर्ता गर्नुपर्ने प्रबन्ध मिलाउनुपर्दछ", समितिको सुझावमा भनिएको छ, "विद्युतीय लाग्ने कर, मूल्य अभिवृद्धि कर र सूचना प्रवाहको आयतनको आधारमा विद्युतीय डाटा कर लगाउन र यस क्षेत्रमा लाग्दै आएको मौजुदा करको पुनःसंरचना गर्नुपर्दछ। अन्तर्राष्ट्रिय भुक्तानी गेट-वे प्रणालीलाई सहज बनाउने र मोबाइल वालेट तथा फोन पेको अधिकतम सीमा तत्कालै बढाइनुपर्छ।"

अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउन भुक्तानी कार्ड, विद्युतीय माध्यम र चेकबाट गरिने भुक्तानीलाई प्रोत्साहित गरी नगद भुक्तानी क्रमशः घटाउँदै लान भनिएको छ। "हालको दश लाखसम्मको नगद भुक्तानी गर्न पाउने रकमको सीमालाई पाँच लाखमा ल्याउनुपर्दछ। साथै, बैंकिङ कारोबारलाई प्रबर्द्धन गर्ने र बैंक खातामा अनिवार्य रुपमा स्थायी लेखा नम्बर लिने गरी प्रबन्ध गर्नुपर्दछ", सुझावमा भनिएको छ।

कर प्रणालीको सुधार र सक्षमताको लागि राजस्व संरचना र प्रणालीमा तत्काल आवश्यकता टड्कारो रूपमा देखिएको सन्दर्भमा सङ्घीय राजस्व बोर्डको गठनको प्रक्रिया थाल्न ढिला भइसकेको समितिले औंल्याइएको छ। करदाता र सरकार दुवैकोहित संरक्षण गर्न सक्ने गरी कर विवादको स्थायी समाधान गर्ने संयन्त्रको स्थापना गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

## समानुपातिक रुपमा ...

प्वाइन्टबाट दुबै तिर बराबरी तोड्नु पर्नेमा कसैलाई लाभ र कसैलाई हानी पुऱ्याउने नियतले एक पक्षिय रुपमा दक्षिण तर्फका मात्र घर टहरा भत्काइएको गुनासो गरेका छन्। पत्रकार सम्मेलनमा पीडित मध्येका एक वच्चु मण्डलले नगर र वडा कार्यालयले जारी गरेको ७ दिने सूचनाको म्याद समेत नपुग्दै कार्यावाहक मेयर इसरत परवीन र वडा अध्यक्ष जयनारायण मण्डलको अगुवाइमा डोजरसहित आएका टोलीले घरहरु धमाधम भत्काउन थालेको बताए।

उनले म्याद बाकी छँदै तोडफोड सुरु गर्दा त्यस वडाका अधिकाँश व्यक्तीले आफ्नो घरबाट मालसमान समेत झिक्न नपाएको बताए।

अर्का पीडित मो.गणिले नम्बरी र नक्शा पास समेत भएको सो वडाका इन्द्र नारायण साह, नुरजहाँ वेगम र जगत भंसालीको पनि घर भत्काइएको बताए। एकातिर तोकेको म्याद सकिनु अगावै र अर्को तीर नम्बरी जग्गामा बनेको घर टहरा भत्काउनु गैरकानुनी र ज्यादती हो, उनले भने।

सोही वडा निवासी इन्द्र नारायण साहले हाल कायम रहेको कंचनपुर रोड कालोपत्रे सडकको मुख्य विन्दु बिचबाट दायाँ-बाया बराबर जग्गा लिई हुलाकी सडक विस्तारको काम अघि बढे कुनै आपत्ती नरहने बताए। तर एक पक्षलाई पेल्ने गरी गैर कानूनी ढंगले अघि बढाइएको निर्माण कार्य कुनै पनि हालतमा स्वीकार्य नहुने उनको भनाई छ।

स्थानीयवासी राजेश चौधरीले हुलाकी राजमार्गको बीच प्वाइन्ट कायम नगरी दाया बाया बराबरी जग्गा नै नलिई तथा उत्तरतर्फ रहेका आफन्तहरुको जग्गा र भवन संरचना बचाउने मनसायले दक्षिण तर्फका वासिन्दाको मात्र घर भत्काउने काम भएको बताए। उनले गैरकानुनी ढंगले भवन संरचना भत्काएर स्थानीयलाई करौडोको क्षती पुऱ्याएको भन्दै क्षतीपुर्तीका लागी सप्तरी जिल्ला अदालतमा क्षतिपुर्ती दिलाई भराई मुद्दा समेत दायर गरिएको बताए।

यता राजविराज नगरपालिकाले हुलाकी सडक बिस्तारका क्रममा कसैको पनि नम्बरी जग्गामा बनेको घर, टहरा नभत्काइएको दाबी गरेको छ।

## लोसपा परित्याग ...

महतोको राष्ट्रिय मुक्ति अभियानमा जुडेका छन्।

मंगलबार सामाजिक संजालमार्फत एक तस्बिर पोष्ट गरेर उनले लेखेका छन्, "आजदेखि विधिवत रुपमा यहिंबाट जनताको सेवा गर्ने निर्णय गरेको छु। सबैको माया, ममता र आशिर्वाद पाउनेमा विश्वस्त छु।"

उनले आफ्नो राजनीतिक यात्राबारे लेख्दै भनेका छन्, "रामसपादेखि राजपाहुदै जसपा र जसपाबाट लोसपाको यात्रामा साथ र सहयोग गर्नु हुने सबै राजनीतिक मित्रहरूलाई धन्यवाद। परिवर्तनको आशा बोकी केहि समय सशस्त्र आन्दोलनमा पनि होमिए तर, त्यहि क्रममा विश्वको सशस्त्र आन्दोलनहरुको इतिहास पढ्दा यसले खासै गति लिने अवस्था नदेखेपछि मुलधारको शान्तिपूर्ण आन्दोलनमा पुनः संलग्न भए त्यस यता विगत १२ वर्षको राजनीतिक यात्रामा जुन खालको राजनीति देखियो त्यसले समाजमा खासै जनताले अनुभुत गर्ने खालको परिवर्तन सम्भव देखिएन।"

उनी अगाडी लेख्छन्, "अधिकार र पहिचानको निम्ति धेरै संघर्ष र आन्दोलन गरियो तर त्यसले जनताको आशा जगाउने भन्दा बढी निराशा बढायो। जसले गर्दा मधेशी र उत्पीडित जाति र समुदाय मात्रै होइन सारा नेपाली जनता नै निराश छन। त्यसकारण सबै नेपाली जनता र खासगरी मधेशी जनताको ओठमा खुशी देख्न र सबै उत्पीडित समुदायको हक, अधिकार र पहिचान स्थापित गर्ने उदेश्यले मधेशवादका प्रणेता राजेन्द्र महतोले जुन अहिले विकल्प सहितको बिद्रोह भन्दै राष्ट्रिय मुक्ति क्रान्ति अभियान अगाडि बढाउनु भएको छ।"

## ६ महिनाको अवधीमा...

जानकारी गराएको बताएका छन्।

सिंहको घरमा यस अघि २०८० साल पुष ६ गते १५ लाख बराबरको सम्पत्ति चोरी भएको थियो। त्यस्तै २०८१ साल बैशाख ३ गते २ लाख बराबरको धनमाल चोरी भएको थियो। पहिलो पटक चोरी हुँदा सिंह परिवार काम विशेषले काठमाडौंमा थिए। घरमा कोही नभएको मौका छोपी चोरले ठूलो धनमाल लगेका थिए। तर पछिल्लो २ पटक घरमा मान्छे हुदा हुँदै लाखौको चोरी भएको सिंह परिवारको भनाइ छ।

पटक पटक चोरी हुँदा पनि प्रहरीले चोर पत्ता लगाउन सकृयता नदेखाएको भन्दै सिंह परिवारले कसरी सुरक्षित रहने भन्ने चिन्ता बढाएको गुनासो समेत गरेका छन। यता पछिल्लो पटक सिंहको घरमा भएको चोरी घटनाबारे जानकारी आएको तथा सो अपराधमा संलग्न आपराधीको खोजी कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# तेश्रो लिंगीहरुले निकाले गौरव यात्रा




**दैनिक समाचारदाता**
**राजविराज, ४ असार।**

तेश्रो लिंगीहरुले मंगलबार राजविराजमा गौरव यात्रा निकालेका छन्। आजकै दिन अमेरिकाको न्यूयोर्क सिटीमा रहेको 'समलिंगी डे बार' लाई बन्द गराइएको र पछि मानवअधिकारवादी र तेस्रो लिंगीहरुले बिरोध गर्दा खोलिएको थियो।

सोही दिनको स्मरण गर्दै गौरव यात्रा निकालिएको सहयोगी समाजका कार्यक्रम संयोजक प्रदीप लामिछानेले जानकारी दिएका छन्।

राजविराज पुलचोकस्थित सहयोगी समाजको कार्यालय अगाडिबाट निकालिएको गौरव यात्रा नगरको बिभिन्न भाग परिक्रमा पश्चात् पुनः कार्यालयमा पुगि समापन भएको थियो।

सप्तरीमा दोस्रो पटक निकालिएको यस यात्राको उद्देश्य तेस्रो लिंगीहरु खुलेर आउन र उनीहरुबिरुद्ध लगाइने लाञ्छना, भेदभाव बन्द गरियोस् भन्ने रहेको कार्यक्रम संयोजक लामिछानेले बताए।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**राजगढ गाउँपालिकाको कार्यालय, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*